# शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम. एड.) दोश्रो वर्षको आंशिक
आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र


शोधकर्ता

प्रकाश कार्की

त्रि.वि. दर्ता नं. ५-१-१९-१७७-९८

क्याम्पस रोल नं. ११३/०६४

परीक्षा रोल नं. २४०००४९ (२०६६)



त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय

सप्तगण्डकी बहुमुखी क्याम्पस

शिक्षा योजना तथा व्यवस्थापन विभाग

भरतपुर, चितवन

भाद्र, २०६९

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहका शोधकर्ता प्रकाश कार्कीद्वारा **"शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण"** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजवाट तयार पारिएको यस अध्ययनवाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

स. प्रा. जयकृष्ण शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६९/०४/१०

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहका शोधकर्ता प्रकाश कार्कीले **" शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण"** शीर्षकको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. उप.प्रा. कुवेरनाथ शर्मा | विभागीय प्रमुख | ......................... |
| २. स. प्रा. जयकृष्ण शर्मा | शोध निर्देशक | ....................... |
| ३ प्रा. आनन्दमान सिंह शाक्य | वाह्य परीक्षक | .......................... |

मिति : २१/०८/२०१२ (०५-०५-२०६९)

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि अनिवार्य पत्र EPM-598 अन्तर्गत "शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण" नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सहयोग तथा सल्लाह, सुझाव प्रदान गर्नुहुने विभागिय प्रमुख आदरणीय गुरु उप-प्राध्यापक श्री कुवेरनाथ शर्मा ज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । यस शोधकार्यलाई सफल बनाउनका लागि शुरु देखी अन्त्यसम्म सधै सद्भावपूर्ण सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने आदरणीय गुरु सहायक प्राध्यापक श्री जयकृष्ण शर्माज्यूप्रति हृदय देखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधकार्यमा आवश्यक सल्लाह, सुझाव दिई सहयोग गर्नुहुने यस क्याम्पसका आदरणीय गुरुहरु उप-प्राध्यापक श्री होमनाथ सापकोटाज्यू, उप-प्राध्यापक श्री रमाकान्त सापकोटाज्यू र उप-प्राध्यापक श्री देनप्रसाद लामिछानेज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधकार्यको सिलसिलामा आवश्यक सुझाव, सूचना तथा तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित माध्यमिक विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, वि.नि./स्रोतव्यक्तिहरु प्रति पनि आभार व्यक्त गर्न चाहन्छु । साथै सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरका लाइब्रेरियन प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

यस अध्ययन प्रतिवेदनलाई कम्प्युटर प्रिन्ट तथा डिजाइनिङ्गमा सहयोग गर्नुहुने सुजु फोटोकपीका प्रोपाइटर सन्तोष कँडेल समेत धन्यवादका पात्र हुनुहुन्छ । यो शोधपत्र स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरुको आधारमा तयार पारिएकोले शैक्षिक सुपरिवेक्षणको प्रक्रियाको सुधारमा र यस विषयसँग सम्बन्धित व्यक्ति तथा संस्थाका लागि जानकारी राख्ने इच्छुकहरुमा उपयोगी हुनसक्ने आशा लिइएको छ ।

प्रकाश कार्की

# शोधसार

यस अध्ययनको शीर्षक “शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण” रहेको छ । विद्यालयीय शिक्षाको गुणस्तर प्रवर्द्धनमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थिति विलेश्लेषण गर्ने मुख्य उद्देश्य रहेको छ ।

यस अध्ययनलाई सरल, सहज एवं निर्धातिर उद्देश्य पुरा गर्नका लागि गुणात्मक अनुसन्धानात्मक ढाँचामा आधारित भई सम्भावना रहित नमुना छनौट विधि अन्तर्गतको उद्देश्यमूलक नमुना छनौट विधिका आधारमा चितवन जिल्ला भित्रका १३ वटा स्रोत केन्द्र अन्तर्गत ४ वटा स्रोत केन्द्र भित्र १/१ वटा विद्यालयका प्र.अ., शिक्षक, वि.नि./स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष गरी जम्मा ३२ जनालाई यस अध्ययनमा नमुनाको रुपमा समेटिएको छ र सूचना संकलनको लागि प्र.अ., शिक्षकका लागि एउटै र वि.नि. स्रोतव्यक्तिका लागि अलग प्रश्नावलीको साधन प्रयोग गरिएको छ ।

अध्ययनका क्रममा विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणमा वि.नि./स्रोत व्यक्ति तथा प्र.अ.को अहम् भूमिका रहेको पाइयो । वि.नि स्रोत व्यक्तिहरुले बढी विद्यालय हेर्नुपर्ने, यातायातको सुविधा नहुनाले सहभागितामूलक सुपरिवेक्षणमा नियमितता नभएको पाइयो । प्रधानाध्यापकहरु, प्रशासनिक कार्य र आफ्नो विषय शिक्षणमा व्यस्त रहनुपर्ने भएकोले सहभागितामूलक कक्षा अवलोकन र सुपरिवेक्षण गर्न समयको अभाव रहेको पाइयो । शिक्षामा राजनैतिक प्रभावका कारण विद्यालय व्यवस्थापन समितिमा सामान्य लेखपढ सम्म पनि नभएका व्यक्तिहरुको चयन र उनीहरुलाई सहभागितामूलक सुपरिवेक्षण सम्बन्धि जानकारी नभएकोले प्रभावकारी सुपरिवेक्षण नभएको पाइयो । वि.नि. को योग्यता पनि माध्यमिक शिक्षक सरह वि.एड् कायम भएकोले सबै विद्यालयका शिक्षकहरु सहभागितामूलक सुपरिवेक्षणबाट लाभान्वित हुन सकेको पाइएन । प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको सहभागितामूलक सुपरिवेक्षण सहयोगी रहेको पाइयो । शिक्षक-शिक्षक, स्रोतव्यक्ति-स्रोतव्यक्ति, वि.नि.-वि.नि., प्र.अ-प्र.अ.एक अर्काबिच सहकार्य, सहयोगात्मक भावनाको विकास भएको पाइयो । सहभागितामूलक सुपरिवेक्षकहरु बिच दक्षता र क्षमताको अनुसरण भएको पाइयो जस्ता मुख्य प्राप्तिहरु रहेका छन् ।

वि.नि./स्रोतव्यक्ति र प्र.अ. को सक्रिय र सकारात्मक भूमिका निर्वाह गर्न समसामयिक तालिमको अभाव, शैक्षिक क्षेत्रमा हावी हुँदै गईरहेको राजनैतिक हस्तक्षेप, उचित मात्रामा पुरस्कार र दण्डको व्यवस्थाको अभाव, बढ्दो विद्यालय संख्याको अनुपातमा वि.नि. दरबन्दिमा वृद्धि हुन नसकेको, यातायातको प्रबन्ध हुन नसकेको, वि.नि./स्रोतव्यक्तिहरुद्वारा पेश गरिएको निरीक्षण प्रतिवेदन उचित कार्यान्वयन हुन नसकेको र उनीहरुलाई शैक्षिक भन्दा प्रशासनिक कार्यमा व्यस्त रहनुपर्ने बाध्यता जस्ता कुराहरु चुनौतीको रुपमा रहेको पाइयो ।

सहभागितामूलक सुपरिवेक्षकहरुका लागि आवश्यक मात्रामा पूर्व सेवाकालिन, सेवाप्रवेश, सेवाकालिन तालिम प्रदान गर्नुका साथै पूनर्ताजगी कार्यक्रमहरु संचालन गरिनुपर्दछ । राजनैतिक दवावका भरमा कर्मचारी नियुक्ति गर्ने परिपाटी शिक्षा क्षेत्रबाट मुक्त गरिनुपर्दछ । विद्यार्थी संख्या र विद्यालय संख्याको अनुपातमा वि.नि. दरबन्दि थप गर्दै जानुपर्दछ । वि.नि. हरुको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति हुने गरी फिल्ड भत्ताको व्यवस्था गर्नुपर्दछ । वि.नि/स्रोतव्यक्तिहरुको योग्यता एक तह माथि एम.एड. कायम गरिनुपर्दछ । शिक्षा ऐन नियमावली राष्ट्रिय आवश्यकता अनुरुप संशोधन तथा परिमार्जन हुनुपर्ने जस्ता कुराहरुलाई सुझावका रुपमा पेश गरिएको छ ।

# विषयसूची


| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृत पत्र | II |
| कृतज्ञता | III |
| शोधसार | IV |
| विषयसूची | VI |
| **परिच्छेद एकः परिचय** | **१-१०** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ९ |
| १.६ अध्ययनको परिसीमा | १० |
| **परिच्छेद दुईः सम्बन्धित साहित्यको पूनरावलोकन तथा सैद्धान्तिक खाका** | **११-१९** |

२.१ सम्बन्धित साहित्यको सिंहावलोकन ११

२.२ अध्ययनको सैद्धान्तिक खाका १५

२.३ शैक्षिक उपादेयता १८

**परिच्छेद तीनः अध्ययन विधि २०- २४**

३.१ अनुसन्धानात्मक ढाँचा २०

३.२ जनसंख्या र नमूना छनौट २०

३.३ तथ्यांकका स्रोतहरु २१

३.४ तथ्याङ्क संकलनको साधनहरु २२

३.५ तथ्याङ्क संकलन प्रक्रिया २४

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया २४

**परिच्छेद चारः तथ्याङ्कको व्याख्या र विश्लेषण २५- ४७**

४.१ विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थितिको विश्लेषण २५

४.२ विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता ३२

४.३ विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण कार्यान्वयनका चुनौती ३६

४.४ विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण प्रभावकारी बनाउने विकल्पहरु ४२

**परिच्छेद पाँचः प्राप्ती, निष्कर्ष र सुझाव** **४८-५४**

५.१ प्राप्ती ४८

५.२ निष्कर्ष ५०

५.३ सुझाव ५२

**सन्दर्भग्रन्थसूची**

**अनुसूचीहरु**